पाठ २४

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]** **रोमी १३-१६ अध्याय**

तपाईंलाई तोकिएको बाइबल खण्ड (रोमी १३-१६ अध्याय) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट) **[ख्रीष्टमा नयाँ जीवन]** **ख्रीष्टमा नयाँ जीवनबारेको बाइबल पदहरूको पनुरवलोकन**

क. कण्ठ गरिएका बाइबल पदहरूको पुनरवलोकन गर्ने विधि

पहिले नै कण्ठ गरिएका बाइबल पदहरूलाई पुनरवरलोकन गर्ने चरणहरू यस प्रकारका छन्:

१. पुनरवलोकन गर्नुहोस्

पुनरवलोकन गर्नु भनेको तपाईंले पहिले कण्ठ गरिसक्नुभएको ५ वटा बाइबल पदहरूलाई हरेक दिन दोहोऱ्याउनु हो। बाइबल पदहरू सम्झी राख्न अनि त्यसलाई ठीकसँग उद्धरण गर्ने उत्तम तरिका भनेको त्यसलाई दोहोऱ्याउनु नै हो। त्यसकारण, तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको ५ वटा बाइबल पदहरूलाई कम्तीमा दिनको एकपटक ५ हप्तासम्म दोहोऱ्याइरहनुहोस्। यसरी तपाईंले हरेक नयाँ बाइबल पदलाई पुन: पनरवलोकनको प्रणाली लानुभन्दा पहिले तपाईंले त्यसलाई ३५ पटक पुनरवलोकन गर्नुहुन्छ।

२. पुन: पुनरवलोकन गर्नुहोस्

पुन: पुनरवलोकन गर्नु भनेको तपाईंले कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा एकपटक दोहोऱ्याउनु हो। तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई सम्झी राख्ने उत्तम तरिका भनेको पुन: पुनरवलोकन गर्नु हो। त्यसकारण, पहिले कण्ठ गरिसक्नुभएको १०० बाइबल पदहरूमध्ये ५ वटा पदहरूलाई हरेक दिन पुन: पुनरवलोकन गर्नुहोस्। यसरी तपाईंले कण्ठ गरिसक्नुभएको सबै बाइबल पदहरूलाई हरेक ३ हप्तामा पुन: पुनरवलोकन गर्नुहुन्छ।

३. बोकेर लैजानुहोस्

बाइबल पदहरू लेखिएको कार्ड अथवा तपाईंको नोटबुकलाई आफूले काम गर्ने ठाउँमा लिएर जानुहोस्। गाडीको यात्रा गर्दा र फुर्दसको समयमा ती पदहरू पुनरवलोकन, मनन र प्रार्थना गर्नुहोस्। तपाईंले पहिले कण्ठ गर्नुभएको ५ वटा बाइबल पदहरूलाई पुनरवलोकन गर्नुहोस्। तपाईंले पहिले नै कण्ठ गरिसक्नुभएको केही बाइबल पदहरूलाई पुन: पुनरवलोकन गर्नुहोस्। ती पदहरूमा भएका कुराहरूबारे मनन र प्रार्थना गर्नुहोस्।

४. जाँच्नुहोस्

पहिले कण्ठ गरिएका बाइबल पदहरू ठीकसँग भन्न सकिन्छ कि सकिँदैन भनी एकले अर्को व्यक्तिलाई जाँच्नुहोस्। हरेक समूह भेटघाटमा दुई-दुई जना बसेर एकले अर्कोलाई पहिले कण्ठ गरेका बाइबल पदहरू जाँच्नुहोस्। त्यसो गर्दा तपाईंहरूले शीर्षक, बाइबल पद र बाइबल खण्ड गल्ती नगरीकन भन्न सकिन्छ कि सकिँदैन भनी एकले अर्कोलाई जाँच्नुहोस्। त्यसो गर्ने क्रममा पालैपालो गरी कहिलेकाहिँ साथीलाई शीर्षक, कहिलेकाहिँ बाइबल खण्ड र कहिलेकाहिँ बाइबल खण्डको केही शब्दहरू भनिदिनुहोस् र बाँकी उहाँलाई भन्न लगाउनुहोस्।

ख. 'ख्रीष्टमा नयाँ जीनव' श्रेणीलाई दुई-दुई गरी पुनरवलोकन गर्नुहोस्

१. ख्रीष्ट : २ कोरिन्थी ५:१७ २. वचन : मत्ती ४:४ ३. प्रार्थना : यूहन्ना १५:७	४. सङ्गति : १ यूहन्ना १:७ ५. गवाही दिनु : मत्ती १०:३२

४	**बाइबल अध्ययन** (७० मिनेट) **[सम्बन्धहरू]** **नमिल्ने जुवाको सम्बन्धहरू : २ कोरिन्थी ६:१४-७:१**

२ कोरिन्थी ६:१४-७:१ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर २ कोरिन्थी ६:१४-७:१ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

२ कोरिन्थी ६:१४

खोज १ : इसाईहरूले सम्झौता गर्नुपर्ने हरेक अवस्था र सम्बन्धलाई रोक्नुपर्छ

"अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ।" नयाँ करारको मूल भाषामा यसको शाब्दिक अर्थ यस्तो हुन्थ्यो, "अविश्वासीहरूसँग एउटै जुवामा नारिएर सँगै अगाडि नबढ।" यसको तात्पर्य के हो भने कोरिन्थीको मण्डलीमा केही इसाईहरू पहिलेदेखि नै अविश्वासीहरूसँग एउटै जुवा नारिएर हिँडिरहेका थिए। त्यस्ता परिस्थितिहरूसँग सम्झौता गरेर निरन्तर अगाडि बढ्नु हुँदैन भनी इसाईहरूलाई प्रेरित पावलले आज्ञा दिँदछन्! किनभने प्रायजसो म सबै समय गैर-इसाईहरूको माझमा बस्ने गर्दा, मैले आफ्नो व्यक्तिगत जीवनलाई यसरी मूल्याङ्कन गर्नुपर्छ, कि कतै मेरो जीवनको केही क्षेत्रहरूमा मैले अविश्वासीहरूसँग नारिएर हिँड्दैछु कि? हरेक सम्झौतापूर्ण परिस्थिति र सम्झौतापूर्ण सम्बन्धलाई मैले रोक्नैपर्छ!

---

२ कोरिन्थी ६:१७

खोज २ : सम्झौतापूर्ण सम्बन्धहरू सुरु गर्न इसाईहरूलाई मनाही गरिएको छ

"यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू अलग होओ, परमप्रभु भन्नुहुन्छ।" नयाँ करार लेखिएको मूल भाषाले यसलाई शाब्दिकरूपमा यसो भन्दछ, "तिमीहरू तुरुन्तै अविश्वासीहरूको माझबाट निस्कनै पर्छ र तिमीहरू निश्चितरूपमा अविश्वासीहरूबाट अलग हुनैपर्छ। यसको तात्पर्य के हो भने कोरिन्थीको मण्डलीको केही इसाईहरूले अझै सम्झौतापूर्ण परिस्थितिहरूलाई निरन्तरता दिइरहेका थिए। तिनीहरूलाई सदाको निम्ति एकपटक निश्चित गरी त्यस्ता सम्बन्धहरू तोड्नको निम्ति प्रेरित पावलले आज्ञा दिँदछन्। त्यस्ता किसिमका सम्बन्धहरू र क्रियाकलापहरूमा समावेश हुन इसाईहरूलाई पूर्णरूपमा मनाही गरिएको छ। किनभने इसाईहरू सधैँ गैर-इसाईहरूसँग बस्दा, कुन-कुन सम्बन्धहरू र कस्ता-कस्ता क्रियाकलापहरू इसाईहरूका लागि मनाही गरिएका छन् भनी मैले तिनीहरूलाई सिकाउनै पर्छ।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
२ कोरिन्थी ६:१४-७:१ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

२ कोरिन्थी ६:१४

प्रश्न १ : जुवा भनेको के हो?

टिप्पणी - यहाँ जुवा भनेको दुई वटा जनावरहरूलाई सँगै अडाएर राखिने दोहोरो जुवा हो। यो दुई वटा जनावरहरूलाई सँगै बाँध्ने औजार हो, जसले तिनीहरूलाई उही दिशातिर लैजान्छ, समान चाल बनाउँछ, समान गतिमा हिँडाउछ, एकैपटक रोक्छ र सामान्यतया हरेक कुरा मिलेर गर्न लगाउँछ। यदि एउटा जनावर सीधा नहिँडेर टेढो गयो भने (पथभ्रष्ट भयो भने), त्यसले अर्कोलाई पनि त्यही दिशामा तानेर लान्छ। यदि एउटा जनावर ढिलो हिँडेर रोकिन्छ भने त्यसले अर्कोलाई पनि ढिलो हिँडाएर रोकिदिन्छ। यदि ती दुई जनावरहरूले दुई फरक अगुवाहरूलाई पछ्याउने कोसिस गरे भने अलग-अलग बाटोमा हिँड्न तिनीहरूले एकले अर्कोलाई तानातान र धकेलाधकेल गर्नेछन् र त्यसले हरेक किसमको प्रगतिलाई वाधा पुऱ्याउँछ।

प्रेरित पावलको दिमागमा भएको व्यवस्था २२:१० को शब्दहरूले यसो भन्दछ, "गोरु र गधालाई सँगै नारेर जोत्नुहुँदैन।" विश्वासीहरू र अविश्वासीहरू मिलाएर जोडी बनाएमा त्यो असङ्गत किसिमको हुन्छ भन्ने कुरालाई जोर दिने उद्देश्यले तिनले यो सिद्धान्तलाई लिएर आफ्नो शिक्षामा प्रयोग गर्दछन्। गैर-इसाईसँग एउटै जुवामा नारिएको इसाईले उक्त गैर-इसाईले कसरी आफूलाई परमेश्वरको सही मार्गबाट टाढा तानेर लैजान्छ, कसरी उसको आत्मिक वृद्धिलाई ढिलो बनाइदिन्छ र कसरी उसको विश्वासलाई रोक्न जबरजस्ती गर्छ भन्ने कुराहरूलाई अनुभव गर्दैजानेछ।

अविश्वासीसँगको सामान्य सम्बन्ध र जुवामा नारिएको सम्बन्धबीचको भिन्नताहरू यस प्रकारका छन्:

- तपाईंले बसमा यात्रा गर्नुहुँदा, त्यो बसको चालक अविश्वासी हुन सक्छ। तपाईं रेस्टुरेण्टमा खाना खाँदा, त्यो खाना अविश्वासीले तयार पारेको हुन सक्छ। तपाईं जाने विद्यालयको शिक्षक अविश्वासी हुन सक्छ (त्यो शिक्षकले पढाएको हरेक कुरा तपाईंले विश्वास गर्नैपर्छ भन्ने छैन)। तपाईंले काम गर्ने ठाउँको मालिक अविश्वासी हुन सक्छ (उसले गर्न लगाउने सबै काम तपाईंले गर्नैपर्छ भन्ने छैन)। तपाईंले अविश्वासीसँग साझेदार भई व्यापार गरेको हुन सक्छ (त्यहाँ तपाईंको सम्झौताअवधि रहेसम्म बाइबलीय सिद्धान्तहरूलाई उलङ्घन नगर्नुहोस्)।

- तर जुवामा नारिएको सम्बन्धचाहिँ व्यवस्थाले बाँध्ने सम्बन्ध हो (जस्तै: वैवाहिक सम्बन्ध अथवा व्यापारिक साझेदारी)। त्यस्तो परिस्थितिमा बाइबलीय सिद्धान्तहरूलाई उलङ्घन गर्न तपाईंलाई जबरजस्ती वाध्य तुल्याइनेछ, गलत मान्यताहरू स्वीकार गर्न र गलत काम वा व्यवहारको बाटोमा हिँड्न वाध्य बनाइन्छ।

---

२ कोरिन्थी ६:१४
प्रश्न २ : बाइबलले मनाही गर्ने 'असमान जुवामा नारिने सम्बन्ध'को उदाहरणहरू के-के हुन्?
टिप्पणी -
(१) १ कोरिन्थी ५:९-११ मा उल्लेखित असमान जुवाको सम्बन्ध

"मैले मेरो पत्रमा तिमीहरूलाई व्यभिचारीहरूको सङ्गत नगर्नू भनेर लेखेको थिएँ। त्यसको अर्थ, यस संसारका व्यभिचारीहरू, लोभीहरू, वा लुटाहाहरू, वा मूर्तिपूजकहरूसँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरू संसारबाट नै निस्किजानुपर्थ्यो। तर यस्ताको सङ्गत नगर्नू भनेर मैले तिमीहरूलाई लेखे, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ, तर वास्तवमा जो व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा निन्दा गर्ने, वा मतवाला वा लुटाहा हो। त्यस्तो मानिससँग त खान पनि नबस।"
आफू इसाई हुँ भनी भन्ने तर व्यवहारचाहिँ गैर-इसाईले जस्तो गर्ने व्यक्तिहरूसँग सङ्गत नगर्नू भनी बाइबलले इसाईहरूलाई आज्ञा दिँदछ। यसर्थ, आफूलाई इसाई हुँ भन्ने गर गैर इसाईझैँ व्यवहार गर्ने व्यक्तिसँगको अमिल्दो जुवामा नारिएर इसाई त्यो व्यक्तिले तानेर लैजाने बाटोमा जानु हुँदैन।

(२) १ कोरिन्थी ६:१-८ मा उल्लेखित असमान जुवाको सम्बन्ध

"तिमीहरूलाई शर्ममा पार्न म यो भन्दछु। आफ्ना भाइ-भाइका बीचको झगड़ा मिलाउन सक्ने बुद्धिमान् मानिस के साँच्चै तिमीहरूमा कोही पाइँदैन र? तर एउटा भाइ अर्को भाइको विरुद्धमा अदालतमा जान्छ, त्यो पनि अविश्वासीहरूका सामुन्ने!" इसाईहरूले आफ्ना कानुनी झगडाहरू गैर-इसाई न्यायाधीसहरूकहाँ लैजानु हुँदैन भनी बाइबलले आज्ञा दिँदछ। कुनै इसाईको अर्को इसाईसँग कानुनी झगडा छ भने मण्डलीभित्रकै बुद्धिमान इसाईहरूलाई त्यसको न्याय गर्न अनुमति दिनु पर्छ। यदि उक्त झगडा चित्तबुझ्दोरूपमा समाधान भएन भने त्यसबाट आउने दु:ख-कष्ट र हानिलाई सहनु नै असल हुन्छ र त्यो मुद्दालाई अन्तिम न्यायको निम्ति परमेश्वरकै हातमा छोड्नुपर्छ। यसो गरेमा, उक्त इसाई गैर-इसाईसँगै असमान कानुनी जुवामा तानिने छैन्।

(३) १ कोरिन्थी ७:३९ मा उल्लेखित असमान जुवाको सम्बनध

"पति बाँचुञ्जेल पतिकै बन्धनमा पत्नी रहन्छे। तर पतिको मृत्यु भएपछि त्यसले इच्छा गरेको व्यक्तिसँग त्यो विवाह गर्न स्वतन्त्र हुन्छे, तर ऊचाहिँ प्रभुकै जन हुनुपर्छ।"
इसाई अर्को इसाई व्यक्तिसँग मात्र विवाह गर्नुपर्छ भनी बाइबलले आज्ञा गर्दछ। इसाई भनेको यस्तो व्यक्ति हो, जो प्रभुको जन हो; यसको मतलब प्रभु पवित्र आत्माद्वारा उक्त व्यक्तिमा वास गर्नुभएर उसको जीवनलाई सक्रियरूपमा डोऱ्याउनुहुन्छ। यसलाई अर्को तरिकाले भन्ने हो भने इसाई भनेको यस्तो व्यक्ति हो, जसले आफूलाई येशू ख्रीष्टको प्रभुत्वमा पूर्णरूपले समर्पण गरेको हुन्छ। विश्वास गर्ने व्यक्ति विश्वास नगर्ने व्यक्तिसँग अमिल्दो जुवामा नारिनु हुँदैन भनी २ कोरिन्थी ६:१४ ले स्पष्टसँग बताउँछ। तसर्थ, इसाईले अर्को इसाई व्यक्तिसँग मात्र विवाह गर्न सक्छ।

यसको निष्कर्षमा पुरुष र महिलाबीच हुने विशेष सम्बन्धको लागि परिणामहरू पनि समेटिएका छन्, जोहरू विवाह गर्ने हेतुले एकआपससँग भेट्ने गर्दछन् (केही सँस्कृतिमा यसलाई डेटिङ भनिन्छ)। वास्तवमा भन्ने हो भने गैर-इसाईसँग घनिष्ठ मित्रता गाँस्नु खतरनाक कुरा हो। मित्रहरू नजिकिँदै जाँदा तिनीहरूले हृदयदेखि नै गहिरो विचार र भावनाहरू एक-आपसमा बाँड्दछन्, जुन तिनीहरूको दिमागमा लामो समयसम्म रहन्छ। त्यसो गर्दाहुँदि तिनीहरू एक-अर्कामा भर पर्न थाल्छन् र एकले अर्कालाई गहिरोरूपमा प्रभाव पार्न थाल्छन्। जेजस्तो भए तापनि, इसाई र गैर-इसाईबीचको घनिष्ट मित्रताको सम्बन्ध असमान जुवाको सम्बन्ध बन्दैजानेछ। इसाईले सहजरूपमा गैर-इसाईको चाहनाहरू, मान्यताहरू र ध्येयहरूलाई सजिलै वेवास्ता गर्न सक्दैन। ऊ बिस्तारै गैर-इसाईको चाहनाहरू, मान्यताहरू र ध्येयहरूप्रति तानिँदै जानेछ। गैर-इसाईले विश्वास गर्ने कुराहरूले इसाईको विश्वास र व्यवहारमा प्रभाव पार्नेछ। विवाह गर्ने हेतुले पुरुष र महिलाबीचको विशेष सम्बन्ध यस

किसिमको घनिष्ट सम्बन्ध हुने भएकोले गर्दा, इसाईले कुनै अइसाई व्यक्तिसँग यस किसिमको विशेष सम्बन्ध विकास गर्नु हुँदैन। यस मामिलामा केही इसाईहरूले यसो भन्ने गर्छन्, "तर यदि मैले गैर-इसाई व्यक्तिसँग विवाह गरेँ भने म उसलाई ख्रीष्टमा डोऱ्याउनेछु। अनि के यसले परमेश्वरलाई प्रसन्न पार्दैन र?" होइन, यसले परमेश्वरलाई कदापि प्रसन्न पार्दैन किनभने १ कोरिन्थी ७:३९ र २ कोरिन्थी ६:१४ मा यस्तो कामलाई परमेश्वरले स्पष्टसँग मनाही गर्नुहुन्छ। त्यसको साथै परमेश्वरले भन्नुहुन्छ, "तपाईंले उक्त व्यक्तिलाई बचाउनुहुन्छ भनी कसरी थाहा पाउन सक्नुहुन्छ?" (१ कोरिन्थी ७:१६)। त्यसकारण, इसाई कुनै गैर-इसाई व्यक्तिसँग असमान विवाहको जुवामा नारिएर अथवा असमान घनिष्ठ सम्बन्धको जुवामा नारिएर त्यतातिर तानिँदै जानुहुँदैन।

यदि तपाईंले मानवीय सम्बन्धको खातिर येशूलाई त्याग्नुहुन्छ भने त्यो अनि नै दु:खलाग्दो दिन हुनेछ। यदि तपाईंलाई खुसी पार्नको निम्ति तपाईंको गैर-इसाई मित्रले इसाई बन्ने निर्णय गर्छ अथवा तपाईंलाई प्रसन्न तुल्याउनको लागि मात्र उसले आधा हृदयले ख्रीष्टलाई पछ्याउँछ भने त्यसले कुनै असल परिणाम ल्याउँदैन। त्यसो हुन गएमा तपाईंको मित्रता कष्टमा पर्नेछ। यद्यपि परमेश्वरमा केही कुरा असम्भव नभए तापनि उहाँले दिनुभएको आज्ञा पालन गर्न हामी अति नै बुद्धिमान हुनैपर्छ। हामीले अविश्वासीसँग असमान जुवामा नारिन हुँदैन भनी परमेश्वरले हामीलाई आज्ञा गर्नुहुन्छ किनभने उहाँको मनमा हामीलाई खुसी पार्ने साँचो चाहना छ।

(४) १ कोरिन्थी १०:७ मा उल्लेखित असमान जुवाको सम्बन्ध

"तिनीहरूमध्ये कतिझैँ तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, “मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।"

बाइबलले इसाईहरूलाई आज्ञा गर्दछ, कि तिनीहरूले गैर-इसाईहरूसँग जाँड-रक्सी भएको भोजमा सहभागी हुनुहुँदैन। त्यस्ता भोजहरूमा आफूलाई अनुशासनमा नराखी अति नै मोजमज्जा गरिन्छ। त्यहाँ मानिसहरूले थुप्रै खान्छन् र विशेष गरी जाँड-रक्सी धेरै पिउँछन्। त्यस्ता भोजहरूमा ठूलो आवाजमा गीत बजाएर मानिसहरू चिच्याउँदै नाँच्ने गर्छन् र छाडा कुराहरू बोलेर मनोरञ्जन गर्ने गर्छन् (१ पत्रुस ४:३-५; एफिसी ५:३-५)। मानिसहरूले अभिलाषापूर्ण कामहरू गरे अनि मूर्तिपूजा र तन्त्र-मन्त्र गरे। आजभोलि यस्ता भोजहरू डिस्को र क्लबहरूमा दैनिक आयोजना गरिन्छन्। त्यस्ता ठाउँहरूमा केही मानिसहरू लागुऔषधिको मज्जा लिएर अनैतिक यौन क्रियाकलापहरूमा रमाउने गर्छन्। तसर्थ, गैर-इसाईहरूले आयोजना गर्ने त्यस्ता असमान जङ्गली पार्टीको जुवामा इसाईहरू तानिएर परिक्षामा पर्नु हुँदैन।

सारंश - अविश्वासीहरूसँग घनिष्ठ सम्बन्धहरू राखिने अनुचित किसिमको जुवाको सम्बन्धहरूमा इसाई मेलमिलापको उन्तनि-प्रगति हुने कुरा अपेक्षा गर्न सकिँदैन। त्यस किसिमले अविश्वासीहरूसँग राखिने घनिष्ठ सम्बन्धहरूले इसाई सिद्धान्तहरूसँग सम्झौता गरेको हुन्छ।

प्रश्न ३ : इसाईहरूको लागि अरू कुन-कुन असमान जुवाको सम्बन्धहरूमा मनाही गरिएको छ?

टिप्पणी - असमान जुवाको सम्बन्धहरूबारेको शिक्षाले गैर-इसाईहरूसँग राखिने घनिष्ठ सम्बन्धहरूको सबै क्षेत्रहरूमा लागु हुन्छ; जस्तै:

(१) इसाईले काम-व्यवसायमा गैर-इसाईलाई साझेदार बनाउनै हुँदैन

इसाईले गैर-इसाईले सञ्चालन गरेको काम-व्यवसायमा रोजगारी पाउन सक्छ तर उसले त्यहाँ परमेश्वरले मनाही गर्नुभएको काम-कुराहरू गर्नु हुँदैन। तर इसाई र गैर-इसाई दुबैले लगानी गरी निर्णयहरू र जिम्मेवारीहरू बाँड्ने गरी साझेदारीमा काम गर्नु न्यायोचित हुँदैन। यस्तो अवस्थाहरूमा गैर-इसाई व्यक्तिले आफ्नो काम गराउन घूस लिने-दिने गर्छ र व्यापारमा छल गर्छ अनि त्यसको साझेदार इसाई अन्जानमै त्यस्तै खराब कामहरूको परिणामहरूमा सहभागी हुँदैजान्छ।

(२) इसाई विद्यालयले कुनै गैर-इसाई शिक्षक-शिक्षिकालाई रोजगारी दिनै हुँदैन

(३) इसाईले बाइबलीय ढाँचामा नचल्ने मण्डलीमा सहभागी हुनै हुँदैन

बाइबललाई परमेश्वरको अचूक वचन हो भनी स्वीकार नगर्ने मण्डली अथवा बाइबलको सन्देशलाई स्पष्टसँग प्रचार नगर्ने वा त्यसप्रति आज्ञाकारी नहुने मण्डलीमा सहभागी हुनु हुँदैन। बाइबल भरोसायोग्य छ र यसमा मानवीय विचार र व्यवहारको निम्ति पूर्ण अधिकार छ भनी नमान्ने कुनै इसाई भनाउँदो व्यक्तिबाट इसाईले कुनै शिक्षा प्राप्त गर्नु हुँदैन।

(४) गैर-इसाई मान्यताहरू आचरण बनाउने गतिविधिहरूको जुवामा इसाई नारिनु हुँदैन

गैर-इसाई मान्यताहरू र त्यस्ता आचरणहरू निर्माण गर्ने गतिविधिहरूको उदाहरणहरू भनेको गलत टेलिभिजन कार्यक्रमहरू हेर्नु, गलत पुस्तक-पुस्तिकाहरू पढ्नु, गलत क्लबहरूमा जानु, गलत पार्टीहरू र संस्थाहरूमा समावेश हुनु आदि हुन्। इसाई मूल्य मान्यताहरूलाई पुरानो ढाँचाको भनी चित्रण गर्ने कुनै स्रोतबाट इसाई टाढै रहनु असल हुन्छ। ख्रीष्ट विरोधी धार्मिक मान्यताहरू, ख्रीष्ट विरोधी सामाजिक र न्यायिक मान्यताहरू अथवा अरू कुनै किसिमको ख्रीष्ट विरोधी क्रियाकलाप र मान्यताहरूलाई उचाल्ने गतिविधिहरूमा इसाई सहभागी हुनै हुँदैन।

---

२ कोरिन्थी ६:१५

प्रश्न ४ : विश्वासी र अविश्वासीमा हुने उस्तै कुराहरू के-के हुन्?

टिप्पणी - केही कुराहरू यस्ता छन्, जुन विश्वासी र अविश्वासीमा समान हुन्छन्; जस्तै: विश्वासी र अविश्वासी दुवैले उस्तै खाना खान्छन्, उस्तै लुगा लगाउँछन्, उस्तै बसमा चढ्छन् र उही किसिमको रुपैयाँ-पैसा प्रयोग गर्छन्। तैपनि, अविश्वासीहरूसँग केही यस्ता विशेष कुराहरू हुन्छन्, जसबाट येशू ख्रीष्टले इसाईहरूलाई अलग पार्नुभएको छ; जस्तै: अविश्वासीको जीवन आफैमा केन्द्रित हुन्छ भने विश्वासीको जीवन येशू ख्रीष्टमा केन्द्रित भएको हुन्छ। गैर-इसाईको धन-सम्पत्ति पृथ्वीमा हुन्छ भने इसाईको धन्-सम्पत्ति स्वर्गमा हुन्छ। यस वर्तमान संसारमा भएका गैर-इसाईहरूको मूल्य-मान्यताहरू निरन्तर परिवर्तन भइरहन्छन् भने इसाईको परमेश्वरको राज्यको मूल्य-मान्यताहरू पूर्ण र अपरिवर्तनीय हुन्छ। अविश्वासीले मानिसको महिमा खोज्दछ भने विश्वासीले परमेश्वरको महिमा खोज्दछ। तसर्थ, जीवनको लक्ष्य, जीवनको उद्देश्य र जीवनमा हुने मूल्य-मान्यताजस्ता कुराहरूमा इसाई र गैर-इसाईहरू समान हुँदैनन्।

---

२ कोरिन्थी ६:१७

प्रश्न ५ : यदि कुनै इसाई अझै उसको जीवनको केही क्षेत्रहरूमा अविश्वासीहरूसँग असमान जुवामा नारिएका छन् भने उसले के गर्नु पर्छ?

टिप्पणी - उसले २ कोरिन्थी ६:१७ ले भनेको मान्नुपर्छ, "तिनीहरूबाट निस्केर आऊ र अलग होऊ।" "अविश्वासीसँग असमान जुवामा ननारिओ" भन्ने नकारात्मक आज्ञाले "तिनीहरूबाट निस्केर आऊ र अलग होऊ" भन्ने विपरीत अनि सकारात्मक आज्ञालाई बोक्दछ। इसाईहरूले गलत अवस्थाबाट परिवर्तन हुनको निम्ति तुरुन्तै सक्रिय पाइला चाल्नुपर्छ।

इसाईहरूले अरू इसाईहरूसँग समान जुवामा नारिएर एकले अर्कोलाई उही दिशातिर तान्नुपर्छ, उत्साह दिनुपर्छ र विश्वासमा सहायता गर्नुपर्छ अनि सेवा गर्नुपर्छ। विवाहमा, सेवामा र सार्वजनिकरूपमा गवाही दिने कुरामा इसाईहरू अरू इसाईहरूसँग समान अनि एउटै जुवामा नारिनु पर्दछ।

---

२ कोरिन्थी ७:१

प्रश्न ६ : कुनै इसाई गैर इसाईसँगको गलत सम्बन्धले नकारात्मकरूपमा प्रभावित भइरहँदा उक्त इसाईले के गर्नु पर्छ?

टिप्पणी - इसाईले सधैँको लागि एकैपटक आफूलाई शुद्ध पार्नुपर्छ, जसको मतलब उसले उक्त विशेष पापबाट आफूलाई स्पष्टसँग तोड्नुपर्छ। उसले प्रभुको सामु त्यसलाई स्वीकार गरी उहाँको क्षमादान र शुद्धिकरण ग्रहण गर्नुपर्छ (१ यूहन्ना १:९)। वास्तवमा इसाईले आफूलाई बाहिरी र आन्तरिक दुवै पक्षमा सबै दुष्टताबाट धुनु पर्दछ। उसको शरीर र आत्मालाई प्रदुषित पार्ने हरेक कुरा (उसको शारीरिक अस्तित्व र आत्मिक अस्तित्व) शुद्ध पारिनु पर्छ (१ कोरिन्थी ७:३४ सँग तुलना गर्नुहोस्)।

परमेश्वरको आदरको निम्ति इसाई निरन्तर पवित्रतामा अघि बढिरहनु पर्छ। हरेको इसाईको एक मात्र लक्ष्य भनेको पवित्रता हुनुपर्छ (रोमी ६:१३,१९; १ थेसलोनिके ४:३,७; ५:२३)।

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र २ कोरिन्थी ६:१४-७:१ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्।
(हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

(१) २ कोरिन्थी ६:१४-७:१ बाट निकालिएका सम्भावित प्रयोगहरू

- आफूलाई इसाई भन्ने तर व्यवहारचाहिँ गैर-इसाईझैँ गर्ने व्यक्तिसँग आकर्षित भएर एउटै 'साजाजिक जुवा'मा नखिचिनुहोस्। त्यस्तो इसाई भन्ने तर गैर-इसाईझैँ व्यवहार गर्ने व्यक्तिसँग घनिष्ठ मित्रताको सम्बन्ध कहिल्यै सुरु नगर्नुहोस्। केवल साँचो इसाईहरूसँग मात्र घनिष्ठ सम्बन्ध सुरु गर्नुहोस्।
- गैर-इसाईसँग 'कानुनी जुवा'मा सँगै ननारिनुहोस्। कहिले पनि कानुनी झगडाहरूलाई गैर-इसाई न्यायाधिसहरूकहाँ नलैजानुहोस्। केही विवाद अथवा झगडा छ भने त्यसलाई इसाई एल्डरहरू अथवा अरू बुद्धिमान इसाईहरूको सामु लैजानुहोस्।
- गैर-इसाईसँग एउटै 'वैवाहिक जुवा'मा ननारिनुहोस्। गैर-इसाई व्यक्तिलाई विवाहको दृष्टिकोण राखेर उसलाई जान्नको निम्ति कहिले पनि उसँग एक्लै बाहिर नजानुहोस्। केवल इसाईलाई मात्र विवाहको दृष्टिकोणमा जान्ने र चिन्ने कोसिस गर्नुहोस्।
- गैर-इसाईहरूसँग एउटै 'जङ्गली पार्टीको जुवा'मा ननारिनुहोस्। त्यस्ता छाडा पार्टीमा कहिले पनि नजानुहोस्। इसाई मान्यताहरूमा कुनै सम्झौता नगर्ने असल समारोहहरूमा मात्र जानुहोस्।
- गैर-इसाईहरूसँग एउटै 'व्यवसायको साझेदारी जुवा'मा ननारिनुहोस्। गैर-इसाई व्यक्तिसँग व्यापारको साझेदार कहिले पनि नबन्नुहोस्।
- बाइबललाई परमेश्वरको अचुक वचन ठानी त्यसलाई आधिकारिकरूपमा र स्पष्टसँग प्रचार गरिने र आज्ञापालन गरिने मण्डलीमा मात्र गएर सहभागी हुनुहोस्।
- गैर-इसाईहरूको मान्यताहरूलाई आचरण निर्माण गर्ने गतिविधिहरूको जुवामा ननारिनुहोस्।

२ कोरिन्थी ६:१४-७:१ बाट निकालिएका व्यक्तिगत प्रयोगको उदाहरणहरू

अविवाहित व्यक्ति - म विशेष गरी विवाहको निम्ति सुहाउँदो व्यक्ति पत्ता लगाउन र उसलाई राम्रोसँग जान्नको निम्ति साँचो इसाईसँग मात्र बाहिर जानेछु। उक्त व्यक्तिले प्रभु येशू ख्रीष्टलाई साँचोरूपमा जानेको र प्रेम गरेको हुनैपर्छ। विवाह गर्ने विचारले म कुनै गैर-इसाईसँग कहिल्यै बाहिर घुम्न जान्नँ भनी मैले निर्णय गरेको छु। घनिष्ठ मित्र बनाएर विवाह गर्ने उद्देश्य राखी म कहिल्यै गैर-इसाईसँग एउटै जुवामा नारिने छैन।

विशेष गरी कस्तो किसिमको पुस्तकहरू, पत्र-पत्रिकाहरू र अखबारहरू पढ्ने भन्ने कुरामा म होसियार हुन चाहन्छु। गैर-इसाईहरूको मान्यताहरू, विचारहरू र चाहनाहरूद्वारा म आफ्नो विचारहरू र हृदयलाई दूषित पार्न चाहँदिनँ। मान्यताहरू र आचरण निर्माण गर्ने गतिविधिहरूमा म गैर-इसाई संसारसँग एउटै जुवामा नारिने छैन।

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

२ कोरिन्थी ६:१४-७:१मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा २ कोरिन्थी ६:१४-७:१ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
२. परमेश्वरसँग व्यक्तिगत समय - उत्पत्ति १ देखि ४ अध्यायबाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
३. पद कण्ठ गर्नुहोस् - "ख्रीष्टमा नयाँ जीवन १-५" श्रेणीहरूलाई पुनरवलोकन गर्नुहोस्। आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।